## केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंज काठमाडौं
## "दण्डहिनता विरुद्ध CIB को अभियान"

महाराजगंज, काठमाडौं।
मिति २०७६/०९/०३गते।

विषय:- प्रेस विज्ञप्ती

### "मानिस अपहरण तथा शरीर बन्धक मुद्दाका फरार कसुरदार ९ वर्ष पछि पक्राऊ"

भक्तमान श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी जिल्ला काठमाडौं का.जि.का.म.न.पा.-४ बस्ने बर्ष ४१ का गौतम योञ्जन समेत भएको मानिस अपहरण तथा शरीर बन्धक मुद्दामा पुनरावेदन अदालत हेटौडाको मिति २०७०।१०।२१ गतेको फैसला अनुसार निजलाई ९ वर्ष कैद र रु.५००००।–जरिवाना ठहर भएका फरार कसुरदार गौतम योञ्जनलाई मिति २०७६/०९/०३ गते महाराजगंजबाट पक्राउ गरी काठमाडौं जिल्ला अदालत पेश गरेकोमा सम्मानित काठमाडौं जिल्ला अदालत मार्फत केन्द्रिय कारागार कार्यालय सुन्धारा पठाईएको छ।

मिति २०६७/०२/०४ गते राती १० बजे जिल्ला चितवन भ.न.पा वडा नं.१० चौबिसकोटी स्थित चितवन अस्पतालबाट घर फर्कने क्रममा तत्कालिन बि.पी. कोइराला क्यान्सर अस्पताल भरतपुरका निर्देशक डा. भक्तमान श्रेष्ठलाई अपहरण गरी काठमाण्डौं र नुवाकोटको विभिन्न ठाउँमा बन्धक बनाई राखी १८ दिन पश्चात भारतमा फिरौती पाए पछि मिति २०६७/०२/२२ गते अं.०२:०० बजे धादिङ्ग जिल्लाको माझिमटारबाट अपहरण मुक्त गरेका थिए।

**कसुरदारको विवरण:-**
नाम:- गौतम योञ्जन
उमेर: ४१ बर्ष
ठेगाना:- जिल्ला काठमाडौ का.जि.का.म.न.पा.-४
मुद्दा:- मानिस अपहरण तथा शरीर बन्धक
कैद:-९ वर्ष
पक्राऊ मिति:- २०७६/०९|०३



प्रहरी उपरीक्षक
(वेल बहादुर पाण्डे)
प्रवक्ता
सम्पर्क नंबर:- ९८५१२९१३११